# गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौमाला, कैलाली

फोन नं४१८०५९-०९१: ,४१८०६०
वेवसाइट:www.gaurigangamun.gov.np
ई : -info.gaurigangamun@gmail.com

पत्रसंख्या: ०७८/०७९
चलानीनं.: ९६८

मितिः-२०७८/०४/१८

विषयः- छात्रवृत्तिमा स्नातकोत्तर तह अध्ययन सम्वन्धी सूचना।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश,धनगढी कैलालीको च.नं.६४ मिति २०७८/०४/१७ र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौंको च.नं. ०४ मिति २०७८/०४/१२ को यसैसाथ संलग्न पत्र अनुसार छात्रवृत्तिमा अध्ययनका लागि योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले आवश्यक कागजातसहित यस कार्यालयमा मिति २०७८/०४/२० भित्र निवेदन पेश गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

2078.04.18
(हरीश पन्त)
उपसचिव
नि.प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश,धनगढी कैल
श्री सूचना प्रविधि शाखा,गौरीगङ्गा नगरपालिका, कैलाली ।
(webside मा upload गरिदिन हुन।)

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रशासन तथा बैठक शाखा)
धनगढी, कैलाली
नेपाल

पत्र संख्याः ०७८/०७९
चलानी नम्बरः ६०४

मिति : २०७८/०४/१७

विषय :- छात्रवृत्तिमा अध्ययनका लागि मनोनयन गरी पठाउने सम्बन्धमा ।

श्री प्रदेश मन्त्रालय सबै,
श्री स्थानीय तह सबै (८८ वटै)
सुदूरपश्चिम प्रदेश ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. ०४, मिति २०७८/०४/१२ को पत्रको छायाँप्रति यसैसाथ संलग्न छ । उक्त पत्रानुसार प्रदेश र प्रदेशभित्रका स्थानीय तहमा कम्तिमा अधिकृत छैठौं तहको पदमा कार्यरत योग्यता पुगेकका प्रदेशका प्रदेश निजामती सेवाका ३ जना र स्थानीय सेवाका ३ जना गरी जम्मा ६ जना कर्मचारीहरु मनोनयन गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पठाउनका लागि लेखी आएको सन्दर्भमा थप व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई तहाँ मन्त्रालय वा स्थानीय तह अन्तर्गत कार्यरत तोकिएबमोजिम योग्यता पुगेका इच्छुक कर्मचारीहरुको मनोनयन सिफारिस गरी मिति २०७८/०४/२१ सम्म यस कार्यालयमा आइपुग्ने गरी पठाउन हुन आदेशानुसार अनुरोध छ ।

२०७८/४/१७
(जगदीश जोशी)
शाखा अधिकृत

श्री प्रशासन शाखा,
सम्बन्धित सबैलाई जानकारी गराउ ओ.का.गर्ने
२०७८.०४.१८

गौरीगंगा नगरपालिका
दर्ता नं. ६०६
मिति ४।१८

टेलिफोन : ०९१५२२५१९८, ०९१५२३९५७, ०९१२७२३२, ०९१५२५९६१, ०९१५२३६८५, ०९१५२५३४३, फ्याक्स : ०९१५२५३४३, टोल फ्री नं.:१६६०९१५२२७२

नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

(स्थानीय तह क्षमता विकास शाखा )

श्री प्रमाणित

आ.ब. १४

प.सं. ०७७/०७८

च.न. ०४

मिति :२०७८/०४/१२

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय(सबै प्रदेश)

बिषय : छात्रवृत्तिमा अध्ययनका लागि मनोनयन गरी पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका लागि स्थानीय शासन, सङ्घीयता, सार्वजनिक व्यवस्थापन, सार्वजनिक नीति तथा विकास व्यवस्थापनका क्षेत्रमा स्वदेश भित्रै उच्चस्तरीय जनशक्तिको उत्पादन तथा विकास गरी सार्वजनिक क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र काठमाण्डौ विश्वविद्यालय बीच समझदारी भएको छ ।समझदारीका आधारमा आ.व.०७८/०७९ मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम(PLGSP)ले दायित्व व्यहोर्ने गरी प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीमध्ये ७ जना, स्थानीय तहमा कार्यरत कर्मचारीमध्ये ७ जना तथा सङ्घीय निजामती सेवामा कार्यरत कर्मचारीहरू मध्ये १ जना गरी जम्मा १५ जनाका लागि Kathmandu University, School of Management बाट सञ्चालन हुने सार्वजनिक नीति तथा व्यवस्थापन(Public policy and Management) विषयमा स्नातकोत्तर अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको छ । यसर्थ तहाँ प्रदेश र प्रदेश भित्रका स्थानीय तहमा कम्तिमा अधिकृत छैठौं तहको पदमा कार्यरत तपसिलका योग्यता पुगेका प्रदेशका प्रदेश निजामती सेवाका ३ जना र स्थानीय सेवाका ३ जना गरी ६ जना कर्मचारी मनोनयन गरी १५ दिन भित्र (२०७८।०४।२६सम्म) मन्त्रालयको इमेल local.capacity.section@mofaga.gov.np मा पठाइदिनु हुन निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. अध्ययनका लागि इच्छुक उम्मेदवारको योग्यता देहाय बमोजिम हुने छ ।

- प्रदेश तथा स्थानीय तहमा कम्तीमा छैठौं तहको पदमा कार्यरत रहेको,
- सङ्घीय निजामती सेवाको हकमा कम्तीमा रा.प. तृतीय श्रेणीको पदमा कार्यरत रहेको,
- सरकारी सेवाका स्थायी पदमा अविच्छिन्न रूपमा कम्तीमा ३ वर्ष सेवा अवधि पूरा भएको,
- कुनै विषयमा स्नातक तह उत्तिर्ण गरेको ।

२. सङ्घीय निजामती सेवाका कर्मचारीको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा अन्तरगत कम्तीमा रा.प. तृतीय श्रेणीको पदमा कार्यरत रहेको हुनु पर्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
सुदूरपश्चिम प्रदेश, धनगढी,कैलाली
दर्ता नं ९२१
मिति : २०७८।४।१४

Scanned with CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह क्षमता विकास शाखा )

प.सं. ०७७/०७८

च.न..

मिति :२०७८/०४/१२

३. सङ्घीय निजामती सेवाको कर्मचारीको हकमा मनोनयनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।प्रदेश निजामती सेवा र स्थानीय सेवाको हकमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत मनोनयन भई आउनु पर्नेछ ।

४. मनोनयन भएका कर्मचारीमध्ये Kathmandu University, School of Management ले सञ्चालन गर्ने प्रवेश परीक्षाबाट छनौट भएका योग्यताक्रमको आधारमा प्रत्येक प्रदेशबाट प्रदेश निजामती सेवाका १ जना र प्रदेशभित्रको स्थानीय सेवाका १ जना गरी १४ र सङ्घीय निजामती सेवाका १ जना गरी जम्मा १५ जना कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ तथा नियमावली,२०५० बमोजिम तलबी अध्ययन विदा उपलब्ध गराइने छ ।

५. अध्ययनका लागि मनोनयनमा परेका कर्मचारीले Kathmandu University, School of Management को वेवसाइट www.kusom.edu.np बाट भर्ना प्रक्रियाबारे विस्तृत जानकारी प्राप्त गर्न सकिने छ ।

६. निवेदन पेश गर्दा निम्न विवरण उल्लेख गरी पेश गर्नुपर्नेछ ।

| नाम,थर | क.सं.नं. | पद | हालको श्रेणी/तहमा नियुक्ती मिति | हालको श्रेणी / तह भन्दा तल्लो पदमा नियुक्ती मिति | हाल कार्यरत निकाय | मोवाइल नम्बर र इमेल ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

७. थप जानकारीको लागि :-

शा.अ. खगेन्द्र पौडेल - ९८४१५०२७१३

शा.अ. प्रदिप कुमार खड्का - ९८५१२५३७९८

(प्रदिप कुमार खड्का)

शाखा अधिकृत

बोधार्थ:-

श्री प्रशासन सुधार,जनशक्ति योजना तथा विकास महाशाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय:- छात्रवृत्ति समितिको बैठकमा पेश गरिदिनुहुन ।

श्री सूचना तथा प्रविधि शाखा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय:- पत्र वेवसाइटमा अपलोड गरी सम्पूर्ण प्रदेश र स्थानीय तहमा Email गरिदिनु हुन ।



Scanned with CamScanner